# भरतपुर खानेपानी ब्यवस्थापन बोर्ड

**भरतपुर, चितवन**

**सिलबन्दी वोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७५।०७।२९

यस भरतपुर खानेपानी ब्यवस्थापन वोर्ड अन्तर्गत तपशिल बमोजिमको कार्यहरु सिलबन्दी वोलपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक योग्य नेपाली निर्माता/सप्लायर्स/निर्माण ब्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रितपूर्वक सिलबन्दी वोलपत्र पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. बोलपत्र दस्तुर रु ३०००।- (पछि फिर्ता नहुने गरि) बुझाई अद्यावधिक इजाजतपत्र, आयकर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र मुल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन दिइ यस कार्यालयबाट यो सुचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म फारम खरिद गर्न सकिने छ । एक व्यक्ति, एक फर्म वा संस्थाको नाममा खरिद भएको वोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

२. खरिद भएका वोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म यस कार्यालयलाई सम्बोधन गरि सिलबन्दी खाममा फर्मको नाम, ठेक्का नं. आदि प्रष्ट खुलाई दर्ता गराउनु पर्नेछ ।

३. दर्ता भएका वोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ३१ औं दिन अपरान्ह २ बजे वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस वोर्डको कार्यालयमा खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. वोलपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन उल्लेखित समय अनुसार हुनेछ ।

५. जमानत वापतको रकम यस कार्यालयको नाममा प्राईम कमर्सियल बैंक, चौविसकोठी, भरतपुरमा रहेको खाता **नं.००३०००६७ CA** मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त बैंकबाट कम्तिमा ९० दिन म्याद भएको सक्कलै विडबण्ड वोलपत्र साथ राख्नु पर्नेछ ।

६. वोलपत्रदाताले प्रति इकाई दररेट अंक र अक्षरमा प्रष्ट गरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरको दररेटलाई मान्यता दिइनेछ ।

७. वोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहने छ ।

८. एच.डि.पि.पाइप सप्लाईको हकमा सप्लायर्स फर्मले वोलपत्र पेश गर्दा जुन निर्माता कम्पनीको पाईप उपलव्ध गराउने हो उक्त कम्पनीको आधिकारीक पत्र समेत पेश गर्नु पर्नेछ ।

९. अन्य कुराहरु वोलपत्र फारममा उल्लेख गरिने छ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | वोलपत्र दाता | किसिम | लगत इष्टमेट रकम (भ्याट वाहेक रु. | धरौटी रु. | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | एच.डि.पि.पाइप ( NS: 40)सप्लाई | ईजाजत प्राप्त निर्माता/सप्लायर्स | वोलपत्र | १,५०,३१,०४२.०७ | ३,८०,०००.०० | ३०००।- | |
| २. | पाईप लाईन विस्तार सम्वन्धी कार्य | ईजाजत प्राप्त निर्माण ब्यवसायी | वोलपत्र | १,६८,३४,८९८.९२ | ४,२०,०००.०० | ३०००।- | |